श्री ५ को सरकार
वन तथा भू संरक्षण मन्त्रालय
वन पैदावार विकास समिति

२०३३

| | | | |
|---|---|---|---|
| वन पैदावार विकास समिति (गठन) आदेश २०३३ | | | नेपाल राजपत्रमा प्रकाशित मिति २०३३।६।२५ |
| १ | पहिलो संशोधन | २०३५ | नेपाल राजपत्रमा प्रकाशित मिति २०३५।४।११ |
| २ | दोश्रो संशोधन | २०४३ | नेपाल राजपत्रमा प्रकाशित मिति २०४३।२।१९ |
| ३ | तेश्रो संशोधन | २०४७ | नेपाल राजपत्रमा प्रकाशित मिति २०४७।११।२७ |
| ४ | चौथो संशोधन | २०५० | नेपाल राजपत्रमा प्रकाशित मिति २०५०।८।७ |

⊕ वन पैदावार विकास समिति (गठन) आदेश २०३३ लाई संशोधन गर्न वान्छनिय भएकोले विकास समिति ऐन २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

⊕१ संक्षिप्त नाम र प्रारंभ : (१) यस आदेशको नाम वन पैदावार विकास समिति गठन (चौथो संशोधन) आदेश २०५० रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारंभ हुनेछ ।

◆२ परिभाषा : यस ओदशमा "परियोजना" भन्नाले श्री ५ को सरकारवाट स्वीकृत सागरनाथ वन विकास परियोजना र नेपालगंज वन विकास परियोजना संभ्कनु पर्छ ।

◆३ समितिको गठन : (१) परियोजना संचालन गर्न वन पैदावार विकास समिति (यसपछि समिति भनिएको) नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) वमोजिमको समितिमा देहायका अध्यक्ष र सदस्यहरु रहनेछन् ।

| | | |
|---|---|---|
| (क) | सचिव , वन तथा भूसंरक्षण मन्त्रालय | अध्यक्ष |
| (ख) | महानिर्देशक, वन विभाग | सदस्य |
| (ग) | प्रतिनिधि , अर्थ मन्त्रालय | सदस्य |
| (घ) | प्रतिनिधि, नेपाल वन उद्योग संघ | सदस्य |
| (ङ) | प्रमुख , वन पैदावार विकास समिति | सदस्य सचिव |

---

⊕ चौथो संशोधन व्दारा संशोधित

◆ तेश्रो संशोधन व्दारा संशोधित

✖ दोश्रो संशोधन व्दारा संशोधित

▶ पहिलो संशोधन व्दारा संशोधित

☐ तेश्रो संशोधन व्दारा झिकिएको

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरुको थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिको आमन्त्रणमा श्री ५ को सरकारको कुनै अधिकृत, विशेषज्ञ वा सल्लाहकार समितिको वैठकमा पर्यवेक्षकको रुपमा उपस्थित हुन सक्नेछ ।

४ <u>समितिको काम कर्तव्य र अधिकार</u> : परियोजना कार्यान्वित गर्नु समितिको कर्तव्य हुनेछ र परियोजनाको कार्यान्वयनको लागि समितिले निम्न लिखित कामहरु गर्न सक्नेछ :

□(१) ...........

(२) सागरनाथ वन विकास परियोजनाको सम्वन्धमा :

⌖(क) राजमार्ग देखि दक्षिण सागरनाथ वन क्षेत्रको करीव असी हेक्टर वन क्षेत्र र मुर्तिया वन क्षेत्रको तीन हजार तीन सय हेक्टर वन क्षेत्र गरी जम्मा तीन हजार तीन सय असी हेक्टर वन क्षेत्रमा सर्पट कटान गरी वृक्षारोपण गर्ने ।

▶(ख) वृक्षारोपणको लागि नर्सरी स्थापना गर्ने ।

✖(ग) राजमार्ग देखि दक्षिण सागरनाथमा वृक्षारोपण गरी सकेको चारहजार चार सय हेक्टर जग्गा तथा भविष्यमा गरिने वृक्षारोपण क्षेत्रहरु समेतको हेरचाह र संरक्षण गर्ने ।

✖(घ) परियोजना अवधिमा पांचहजार हेक्टर जग्गामा अगुवा टांगिया कार्यक्रम शुरु गर्ने ।

▶(ङ) वन पथ तथा अग्नी रेखा वनाई आगोवाट वन संरक्षण गर्ने कार्यहरु गर्ने ।

◆(च) वृक्षारोपणको लागि छुट्टाइएको वन क्षेत्रमा रहेको वन पैदावार हटाई सो हटाउंदा लागेको लागत खर्च लिई उक्त वन पैदावार श्री ५ को सरकारले तोकेको निकायलाई हस्तान्तरण गर्ने ।

⌖(छ) वृक्षारोपणको लागि छुट्टाइएको वन क्षेत्रमा रहेका तथा सो क्षेत्रमा परियोजनावाट उत्पादन गरिने वन पैदावार अथा अन्य पैदावारको मूल्य समितिवाट निर्धारण गराई त्यस मध्येको काठ दाउराको प्रचलित सरकारी मूल्य (रोयल्टी) वन विभागलाई वुझाई सो काठ दाउरा, वन पैदावार र अन्य पैदावारहरु आवश्यकतानुसार न्यूनतम परिमाणमा सरकारी निकाय, निजी क्षेत्रका उद्योगहरु

---

⌖चौथो संशोधन व्दारा संशोधित

◆ तेश्रो संशोधन व्दारा संशोधित

✖ दोश्रो संशोधन व्दारा संशोधित

▶ पहिलो संशोधन व्दारा संशोधित

□ तेश्रो संशोधन व्दारा झिकिएको



वन ... केन्द्रीय ... २०३३

तथा स्थानिय जनतालाई ग्राह्यता दिई विक्री वितरण गर्ने ।/सरकारी निकाय, निजी क्षेत्रका उद्योगहरु तथा स्थानिय जनताले लिन नचाहेको काठ दाउरा, वन पैदावार र अन्य पैदावारहरु लिलाम गरी विक्री वितरण गर्ने ।

◆(ज) वृक्षारोपण क्षेत्रमा परियोजनाले उत्पादन गरेका मसलाको तेल र टांगिया कार्यक्रम अन्तर्गत उत्पादन गरिएको अन्य पैदावारहरु विक्री वितरण गर्ने ।

◆(झ) वृक्षारोपण गरी हुर्काइएका रुखहरुवाट विद्युत तथा टेलिफोन प्रशारण लाइनको लागि उपयुक्त हुने किसिमका काठका लठ्ठाहरु उत्पादन गरी विक्री वितरण गर्ने।

◆(ञ) वृक्षारोपण क्षेत्रको झारपात तथा रुखका हांगा विंगा, जरा र ठूटाहरुवाट गोल तथा व्रिकेट उत्पादन गरी विक्री वितरण गर्ने ।

◆(ट) परियोजनाको कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरु गर्ने ।

(३) नेपालगंज वन विकास परियोजनाको सम्वन्धमा :

⌖(क) दुण्डवा नदी देखि पश्चिम, मान नदी देखि पूर्वि क्षेत्रमा रहेको पूर्व पश्चिम राजमार्ग देखि उत्तर दक्षिण दुवै पट्टि पांचहजार हेक्टर वन क्षेत्र र रोहिणी खोला देखि पूर्व, झिरझिरे खोला देखि पश्चिम क्षेत्रमा रहेको राजमार्गदेखि दक्षिण नेपालगंज वन क्षेत्रको तीनहजार पांचसय हेक्टरवन क्षेत्र गरी जम्मा आठहजार पांचसय हेक्टर वन क्षेत्रमा सर्पट कटान गरी वृक्षारोपण गर्ने ।

×(ख) वृक्षारोपणको लागि नर्सरी स्थापना गर्ने ।

×(ग) वृक्षारोपण गरी हेरचाह र संरक्षण गर्ने ।

×(घ) परियोजना अवधिमा पांचहजार हेक्टर अगुवा टांगिया कार्यक्रम शुरु गर्ने ।

×ङ) वन पथ तथा अग्नी रेखा वनाई आगोवाट वन संरक्षण गर्ने कामहरु गर्ने ।

◆(च) वृक्षारोपणको लागि छुट्टाइएको वन क्षेत्रमा रहेको वन पैदावार हटाई सो हटाउंदा लागेको लागत खर्च लिई उक्त वन पैदावार श्री ५ को सरकारले तोकेको निकायलाई हस्तान्तरण गर्ने ।

---

⌖चौथो संशोधन व्दारा संशोधित

◆ तेश्रो संशोधन व्दारा संशोधित

× दोश्रो संशोधन व्दारा संशोधित

▶ पहिलो संशोधन व्दारा संशोधित

☐ तेश्रो संशोधन व्दारा झिकिएको



२०३३

⌖(छ) वृक्षारोपणको लागि छुट्टाइएको वन क्षेत्रमा रहेका तथा सो क्षेत्रमा परियोजनावाट उत्पादन गरिने वन पैदावार तथा अन्य पैदावारको मूल्य समितिवाट निर्धारण गराई त्यस मध्येको काठ दाउराको प्रचलित सरकारी मूल्य (रोयल्टी) वन विभागलाई वुझाई सो काठ दाउरा, वन पैदावार र अन्य पैदावारहरु आवश्यकतानुसार न्यूनतम परिमाणमा सरकारी निकाय, निजी क्षेत्रका उद्योगहरु तथा स्थानिय जनतालाई ग्राह्यता दिई विक्री वितरण गर्ने । सरकारी निकाय,निजी क्षेत्रका उद्योगहरु तथा स्थानिय जनताले लिन नचाहेको काठ दाउरा, वन पैदावार र अन्य पैदावारहरु लिलाम गरी विक्री वितरण गर्ने ।

◆(ज) वृक्षारोपण क्षेत्रमा परियोजनाले उत्पादन गरेका मसलाको तेल र टांगिया कार्यक्रम अन्तर्गत उत्पादन गरिएको अन्य पैदावारहरु विक्री वितरण गर्ने ।

◆(झ) वृक्षारोपण गरी हुर्काइएका रुखहरुवाट विद्युत तथा टेलिफोन प्रशारण लाइनको लागि उपयुक्त हुने किसिमका काठका लठ्ठाहरु उत्पादन गरी विक्री वितरण गर्ने।

◆(ञ) वृक्षारोपण क्षेत्रका झारपात तथा रुखका हांगाविंगा, जरा र ठूटाहरुवाट गोल तथा व्रिकेट उत्पादन गरी विक्री वितरण गर्ने ।

◆(ट) परियोजनाको कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरु गर्ने ।

□५ ..................

६ समितिको कोष : (१) समितिको कोषमा देहायका रकमहरु रहने छन् र समितिको खर्च सो कोषवाट व्यहोरिने छ ।

(क) श्री ५ को सरकारवाट अनुदान स्वरुप प्राप्त रकम ,
(ख) श्री ५ को सरकारवाट वा अरु श्रोतवाट प्राप्त ऋण ,
(ग) काठ दाउरा तथा अन्य वन पैदावारको विक्रीवाट प्राप्त रकम ,
(घ) समितिले अन्य कुनै श्रोतवाट प्राप्त गरेको रकम ।

◆ (१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि परयोजनाको छुट्टा छुट्टै खाता हुनेछ र परियोजनाको आम्दानी आफ्नो आफ्नो खातामा जम्मा गरिनेछ । परियोजनाको खर्च आफ्नो खातावाट व्यहोरिनेछ ।

२ समितिको कोषको संचालन समितिले वनाएको नियम वमोजिम हुनेछ ।

७ लेखा परिक्षण : (१) समितिको आय व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरिका वमोजिम राखिने ।

---

⌖ चौथो संशोधन व्दारा संशोधित

◆ तेश्रो संशोधन व्दारा संशोधित

दोश्रो संशोधन व्दारा संशोधित

पहिलो संशोधन व्दारा संशोधित

तेश्रो संशोधन व्दारा झिकिएको

▶(२) समितिको लेखा परिक्षण महालेखा परिक्षकको विभागवाट वर्षको एकपटक हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै वखत पनि समितिको हिसाव किताव जांच्न वा जचाउन सक्नेछ ।

◆८ <u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u> : समितिले आवश्यकता अनुसार आफ्नो अधिकार समितिको कुनै सदस्य वा सदस्य सचिव वा परियोजनाको कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

९ <u>समितिको वैठक र निर्णय :</u> (१) समितिको वैठक अध्यक्षले तोके वमोजिम वस्नेछ ।

⌖(२) अध्यक्ष र सदस्य सचिवको अतिरिक्त अर्को एक जना सदस्य उपस्थित भएमा समितिको वैठक वस्न सक्नेछ ।

(३) समितिमा वहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा अध्यक्षले निर्णयात्मक मत समेत दिन सक्नेछ ।

(४) समितिको निर्णय सदस्य सचिव द्वारा प्रमाणित गरिनेछ ।

(५) समितिको वैठकमा अपनाइने अन्य कार्यविधि समितिले आफैले निर्धारण गर्नेछ ।

☐१० …………

११ <u>नियम वनाउने :</u> समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरु श्री ५ को सरकारको स्वीकृति लिई वनाउन सक्नेछ ।

◆१२ <u>श्री ५ को सरकार संग सम्पर्क :</u> समितिले श्री ५ को सरकार संग सम्पर्क राख्दा वन तथा भू संरक्षण मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१३ <u>समितिको कार्यालय :</u> समितिको प्रधान कार्यालय काठमाण्डौमा रहनेछ ।

---

⌖-चौथो संशोधन व्दारा संशोधित

◆ तेश्रो संशोधन व्दारा संशोधित

✕ दोश्रो संशोधन व्दारा संशोधित

▶ पहिलो संशोधन व्दारा संशोधित

☐ तेश्रो संशोधन व्दारा झिकिएको

केन्द्रीय कार्यालय
२०३३